नेपाल बीमा प्राधिकरण

कर्णाली प्रदेशस्तरीय हाजिरी जवाफ प्रतियोगिता

सूचना प्रकाशन मितिः २०८३/०८/०२

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयबाट बीमा क्षेत्रमा नवीन प्रतिभाहरूलाई आकर्षण गर्ने, विद्यार्थीहरूमा बीमा सम्बन्धी सिर्जनशीलता, विश्लेषण क्षमता र अनुसन्धानलाई प्रोत्साहन गर्ने एवम शैक्षिक संस्थामार्फत समुदायस्तरमा बीमाको महत्वबारे सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले तपसिल बमोजिम हुने गरी **"बीमा सम्बन्धी प्रदेशस्तरीय हाजिरी जवाफ प्रतियोगिता"** आयोजना गर्न लागिएको हुँदा यो सूचना प्रकाशित मितिले ४५ दिन (मिति २०८३/०९/१७ गते) भित्र कर्णाली प्रदेशभित्र अवस्थित माध्यामिक (कक्षा ११ र १२) तहका विद्यालयले आफ्नो विद्यालयबाट तीन (३) जना विद्यार्थीहरू मनोनयन गरी विद्यालयको लेटर हेडमा मनोनयन गरिएका विद्यार्थीहरूको नाम, समूहको नेतृत्वकर्ताको नाम र विद्यालयको विद्यार्थी परिचयपत्र सहित नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको इमेल ठेगाना infokp@nia.gov.np मार्फत निशुल्क रूपमा समूह दर्ता गर्न अनुरोध गरिन्छ।

तपसिल

सहभागिताको सर्तहरू :

१. हाजिरीजवाफ प्रतियोगितामा कर्णाली प्रदेशभित्र अवस्थित विद्यालयहरुमा कक्षा ११ वा १२ मा अध्ययनरत विद्यार्थीहरू मात्र सहभागी हुनेछन।

२. एक विद्यालयको एउटा मात्र समूह हुनेछ।

३. प्रतियोगितामा प्रश्नको प्रकृति र अङ्कभार देहायबमोजिम हुनेछ :

प्रतियोगिताका प्रश्नको प्रकृति तथा अङ्कभारः

क्र.सं.	विषयबस्तुहरु	अङ्कभार
१.	नेपाल बीमा प्राधिकरण सम्बन्धी जानकारी	१० प्रतिशत
२.	बीमा व्यवसाय सम्बन्धी जानकारी (जीवन बीमा, निर्जिवन बीमा, लघुबीमा र पुनर्बीमा)	५० प्रतिशत
३.	बीमा सम्बन्धी कानुनी व्यवस्थाको बारेमा सामान्य जानकारी	१० प्रतिशत
४.	बीमा र अर्थतन्त्र	२० प्रतिशत
५.	बीमाका अन्तर्राष्ट्रिय अभ्यास	१० प्रतिशत
	जम्मा	१०० प्रतिशत

४. हाजिरी जवाफ प्रतियोगिता सञ्चालन उपसमितिको निर्णय अन्तिम हुनेछ।

५. प्रतियोगितामा उत्कृष्ट तीन समूहलाई प्रमाणपत्रसहित प्रथम, द्वितिय र तृतीय पुरस्कार रकम क्रमश रु. २०,०००/-, रु. १५,०००/- र रु. १०,०००/- (कर समेत) प्रदान गरिनेछ।

थप जानकारी

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर-०७, कालुञ्चोक, सुर्खेत

फोनः ०८३-५९०७४३/४४ ईमेलः infokp@nia.gov.np, वेभसाइटः www.nia.gov.np